**श्री काठमाण्डौं जिल्ला अदालतमा दायर गरेको**

**फिराद-पत्र**

ललित बहादुर वली/दीपा वलीको छोरी दाङ्ग जिल्ला तुल्सीपुर न.पा.वडा नं. ८ घर भई हाल ललितपुर महानगरपालिका वडा नं. २ सानेपा बस्ने नेपालको संघिय संसद राष्ट्रिय सभा सदस्य वर्ष ५२ की कोमल वली मो नं. ९८५१०४१३४६...........................................................१ फिराद कर्ता

विरुद्ध

का.जि.का.म.न.पा. वडा नं... विजेश्वरी घर भई का.जि.का.म.न.पा.वडा नं. ३१ स्थित कार्यालय रहेको नेपाल कम्युनिष्ट पार्टि (ने क पा) का नेता रघुजी पन्त मो.नं.९८४१३४६२४६..................................................................१विपक्षी

मुद्दा :- गाली बेइज्जती

म फिरादी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५३(१)(क) ले हकदैया पुग्ने कुरामा मुलुकी फौजदारी संहित, २०७४ को दफा ३०५, ३०६, ३०७ को आधारमा आफुलाई अन्याय परेको व्यहोरा निम्न प्रकरणहरुमा खुलाई यो फिराद गर्न आएकी छु। मेरो फिराद पत्रको व्यहोरा निम्न प्रकार रहेको छ।

१. म फिरादी दाङ्ग जिल्ला तुल्सीपुर न.पा.वडा नं. ८ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २ सानेपामा बस्दै आएकी छु। म फिरादी २०५०

सालमा रेडियो नेपालमा सहायक समाचार वाचिकाको रुपमा प्रवेश गरी, समाचार वाचिका, समाचार सम्पादक, प्रसारक, रेडियो कार्यक्रम उत्पादक भई २०७३ सालसम्म काम गरेकी थिएँ । सोही विचमा २०५८ साल देखी २०६२ साल सम्म नेपाल टेलिभिजनको समाचार वाचिका भई कार्य समेत गरेकी थिएँ । नेपालको लोक संस्कृतीको जगर्ना गर्नुका साथै सामाजिक जनचेतना मुलक झण्डै ७०० जति लोक गीत गाउनुका साथै एक दर्जन भन्दा वढी अडियो क्यासेट तथा भिडियो अभिनय मार्फत देशको मौलिक संस्कृतिको जगेर्ना गर्न, विभिन्न जनचेतनामुलक सन्देश दिन र मौलिक लोक संस्कृति बचाई राख्नको लागी निरन्तर रुपमा २०५० साल देखी लागी परेकी छु । साथै मैले करिव एक दर्जन जति सामाजिक संघ संस्थामा आवद्ध भई समाज सेवामा समेत समर्पित रहेकी छु । मैले देशलाई गायन, संचारकर्मी, अभिनय कर्मी, सामाजिक अभियान्ता भई गरेको योगदानलाई कदर गर्दै मलाई विभिन्न समयमा जनसेवा श्री पदक, **विक्यत्त** त्रिशक्ति पट्ट (चौथो) , गोरखादक्षिण वाउ पदक, नारायण गोपाल युवा संगित पुरस्कार, साहित्य, कला र संस्कृतिका लागी नेपाल जेसिस पुरस्कार, छिन्नलता युवा संगित पुरस्कार, नव कविता पुरस्कार, राष्ट्रिय संगित पुरस्कार, लोक दोहोरी स्वर्ण पदक विजेता, लोक दोहोरी राष्ट्रिय विजेता हुनुका साथै ४० वटा भन्दा वढी विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट पुरस्कृत भएकी छु ।

२. नेपालको संविधानले प्रदेशहरुको न्यायोचित प्रतिनिधित्व व्यवस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारीताको सन्तुलन समेतलाई सम्बोधन हुने गरी नेपालको संविधानले राष्ट्रिय सभाको व्यवस्था गरेको छ । संविधानले राष्ट्रिय सभालाई स्थाई प्रकृतिको व्यवस्थापकीय अंगको रुपमा परिकल्पना गरेको छ । गरिव, सिमान्तकृत, लोपन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागित गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रिय सभा अपरिहार्य रहेको छ ।  प्रदेश सभाका सदस्य, स्थानिय तहका प्रमुख र उप प्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिला सहित तीन जना गरी राष्ट्रिय सभामा उनान्साठी सदस्य रहने व्यवस्था संविधानले गरेको छ । यसै गरी नेपालको संविधानको धारा ८४(८) ले संघिय संसदमा प्रतिनिधित्व गर्ने

प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने, प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत निर्वाचित नभएको खण्डमा समानुपातिक समावेशी आधारमा समेत एक तिहाई महिला प्रतिनिधित्वको ग्यारेण्टी गर्ने गरी महिलालाई व्यवस्थापिका संसदमा उच्च प्राथमिकता दिएको छ ।

३. माथि प्रकरणहरुमा उल्लेखीत संवैधानिक व्यवस्था तथा मैले देश र जनताको लागी गरेको योगदानलाई कदर गर्दै तत्कालिन ने.क.पा. (एमाले) को तर्फबाट मलाई राष्ट्रिय सभाको उम्मेदवार बनाई राष्ट्रिय सभाको निर्वाचनमा निर्वाचित भई मिति: २०७४/११/२० गतेबाट नेपालको संघिय संसद अर्न्तगत राष्ट्रिय सभा सदस्यको रुपमा देश र जनताको सेवामा निरन्तर क्रियासिल रहेकी छु । नेपालको इतिहासमा नेपाली जनताको ठुलो बलिदान, त्याग र योगदानले मिति: २०७२ साल असोज २ गते प्राप्त/जारी भएको अग्रगामी संविधानमा प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाँच्न पाउने तथा महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय बनाउनुका साथै कानुन बमोजिम क्षतिपुर्ति समेत पाउने व्यवस्था गरेको छ । यस प्रकारको विभेदलाई अन्त्य गर्न राज्यका सवै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको समेत ग्यारेन्टी गरेको छ ।

४. माथि प्रकरणहरुमा उल्लेख गरिए बमोजिम मैले मेरो देश र जनता प्रति गरेको योगदानलाई मुल्याङ्कन गर्दै तत्कालिन नेकपा (एमाले) ले मलाई संघिय संसद अन्तरगत स्थायी व्यवस्थापकिय अंगमा मलाई उम्मेद्वार बनाई निर्वाचित भई हाल राष्ट्रिय सभामा प्रभावकारी ढङ्गबाट काम गरि रहेकी छु । यसरी काम गरि रहेको अवस्थामा सम्पुण महिला तथा मेरो अपमान हुने गरी विपक्षी नेकपाका नेता रघुजी पन्तले मिति: २०७७ फागुन महिना १५ गते शनिवार काठमाडौ स्थित सामाखुसी, ग्लोवल क्याफेमा भएको नुवाकोटका पुर्व एमाले कार्यकर्ता भेलालामा ***“...गोडा पिँडुला देखाउदै पोइला जना पाम भने पछि सांसद बनाएको.....पोइला जान पाम भने पछि संसद त तीनै भईन कपाल फुलेका बुढीहरुले केही पाएनन्....२० औ वर्ष संघर्ष गरेका, विवाह नै नगरी पार्टीमा योगदान दिएका महिलाहरुले कहिल्यै टिकट नपाएको तर गोडा पिँडुला देखाउदै पोइला जान पाम भने पछि कोमल ओलीलाई केपी ओलीले सांसद बनाएको...”*** भनी अभिव्यक्ति दिएको कुरा आम संचार माध्यममा आएको र

सोको भिडियो समेत रहेको छ । यसरी विपक्षी एक जिम्मेवार नेता भएको र समग्र महिलाको लैगिंक आधारमा यक्तिगत जीवन, मान मर्यादा प्रति कत्ति पनि ख्याल नगरी सोही कार्यक्रममा मलाई हिंसा, गाली, वेइजती हुने गरी अभिव्यक्ति दिनु भएको छ ।

५. मैले लामो समय सम्म देश र जनता प्रति गरेको योगदानको आधारमा नै नेपालको संविधानले परिकल्पना गरेको स्थायी प्रकृतिको व्यवस्थापकीय अंगमा नेकपा (एमाले) ले मलाई राजनैतिक जिम्मेवारी दिईएको हो । विपक्षीको अभिव्यक्तिले एक जिम्मेवार नेताले राजनितीमा प्रोपोगाण्डा गर्ने दाउमा समग्र महिला प्रति नै अपमान हुने गरी अभिव्यक्ति दिनु भनेको महिला प्रतिको हिंसा हो । समस्त महिलाहरुको हक हित, संरक्षण गरी उनीहरुलाई विकासको मुल प्रभावमा ल्याउने गरी संविधानले गरेको परिकल्पना विपरितको सोच हो । देशको कुल जनसंख्याको आधाभन्दा वढी अंश ओगट्ने महिलालाई संरक्षण, सम्बर्द्धन गर्ने कार्यमा नेपालको संविधान, राजनैतिक दल तथा त्यसका नेताहरु लागी परि रहेको परिपेक्ष्यमा विपक्षीको अभिव्यक्ती महिला प्रतिको निकृष्ट सोचको परिणाम हो । महिलाको स्वतन्त्र पहिचान, आत्म सम्मान र क्षमतालाई महत्व नदिई पुरुषसँगको निकटताबाट नै महिलाको राजनैतिक भविष्य बन्ने गरेको जस्ता अभिव्यक्ति प्रकट गरी महिलाको चरित्र र आचरणमाथी प्रश्न उठाउने प्रवृत्ति  विपक्षीको मानसिकता र अभिव्यक्तिले मेरो मात्र नभई समग्र महिला प्रति गाली वेइज्जती हुनुका साथै विपक्षीको महिला प्रतिको हिंसा युक्त सोचको उजागर भएको छ ।

६. देशकै आधा भन्दा वढी जनसंख्या ओगट्ने महिला वर्गको राजनैतिक सहभागिता न्युन रहेको वर्तमान अवस्थामा मेरो देश र जनता प्रतिको योगदान तथा समग्र महिलालाई कम आंकलन हुनु, मेरो तथा समग्र महिलामा भएको सवलता र सक्षमतालाई स्वतन्त्र मुल्यांकन गर्ने परिपाटीको नजर अन्दाज गर्नु आफैमा ठुलो विडम्वना हुनुका साथै विपक्षी जस्तो बौद्धिक नेतालाई सुहाउने कुरा होइन । महिला प्रतिको विभेद हिंसा र हीन भावना हटाई लैङ्गिक विभेद रहित समाजको सिर्जना गर्न राज्यका सवै निकायमा महिला वर्गको अर्थपुर्ण सहभागिताको ज्यादै ठुलो महत्व रहन्छ । राजनैतिक हिसावले ज्यादै नै जिम्मेवार स्थानमा रहेको व्यक्तिबाट सार्वजनिक रुपमा नै समग्र महिला तथा राष्ट्रिय सभाका सांसद जस्तो गरिमामय पदमा रहेको महिला प्रति गरिएको आपत्तिजनक अभिव्यक्ति जति भत्सार्न गरे पनि कम हुनुका साथै गैर कानुनी रहेको प्रष्टछ । तसर्थ विपक्षीको उक्त अभिव्यक्तिले समग्र महिला तथा मलाई गाली वेइज्जती

गरेको हुँदा न्याय पाऊँ भनी यो फिराद लिई सम्मानित अदालत समक्ष उपस्थित भएको छ ।

७. विपक्षी रघुजी पन्तले मितिः २०७७ फागुन महिना १५ गते शनिवार काठमाडौ स्थित सामाखुसी, ग्लोवल क्याफेमा भएको नुवाकोटका पुर्व एमाले कार्यकर्ता भेलालामा ***"...गोडा पिँडुला देखाउदै पोइला जना पाम भने पछि सांसद बनाएको.....पोइला जान पाम भने पछि संसद त तीनै भईन कपाल फुलेका बुढीहरुले केही पाएनन्....२० औं वर्ष संघर्ष गरेका, विवाह नै नगरी पार्टीमा योगदान दिएका महिलाहरुले कहिल्यै टिकट नपाएको तर गोडा पिँडुला देखाउदै पोइला जान पाम भने पछि कोमल ओलीलाई केपी ओलीले सांसद बनाएको.."*** दिएको उक्त अभिव्यक्ति कुनै कुराबाट पुष्टि हुने नभई केवल विपक्षीको महिला प्रति रहेको दुषिद मानसिकताको परिणम हो । गालीवेइज्जतीको सर्न्दभमा सम्मानित सर्वोच्च अदालतबाट ***गाली बेइज्जतीको लागि गरिएको कुनै कार्य (Actus) भन्दा त्यस्ता व्यक्तिको नियत वा मनसाय ( Intention) के रहेको छ, त्यसले व्यक्तिको चरित्रमा के कति ह्रास पुऱ्याएको छ त्यसमा विचार गर्नुपर्ने , नारीको सतित्व र अस्मिता सामाजिक अनुशासन हो । यो सदैव उच्चस्थान र मर्यादामा रहेको हुन्छ । मर्यादा उल्लघन नगरेको अवस्थामा कुनै व्यहोराबाट आक्षेप लगाइन्छ भने लागाइएको आक्षेप सबुद प्रमाणद्वारा पुष्टि गरी प्रमाणित गराउन असमर्थ हुने व्यक्ति दण्डको भागीदार भई दाण्डिक दायित्वबाट उमुक्ति पाउन नसक्ने भनी (ने.का.प.२०६७,अंक ४, पृ. ६४५, नि.नं. ८३५५)*** प्रतिपादन भएको सिद्धान्तको आधारमा समेत विपक्षीले दिएको अभिव्यक्ति गैर कानुनी, कुनै प्रमाण र आधार विना दिएको अभिव्यक्ति भएको हुँदा मेरो तथा समग्र महिलाको इज्जत प्रतिष्ठामा आँच आएको हुँदा विपक्षीलाई हदै सम्मको कारवाही गरी क्षतिपुर्ति समेत भराई पाऊँ ।

८. मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५(१) र (२) मा कसैले कसैलाई गाली गर्न नहुने, कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानिने छ भन्ने कानुनी व्यवस्था रहेको छ । यसरी नै ऐ.ऐनको दफा ३०६(२)(क) मा ***अरुको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्न सक्छ भन्ने जानीजानी वा विश्वास गर्ने मनासिब कारण भई लेखेर, आचरण वा आकार वा चिह्न वा प्रचार प्रसारद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले त्यस्तो व्यक्तिलाई अरुको दृष्टिमा निजको व्यक्तिगत चरित्र, आचरण, नैतिकता***

***वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गरेमा वा निजको शरीर सामान्यतः घृणित अवस्थामा छ भन्ने अरुलाई विश्वास पर्ने गरी दोष लगाएमा वा त्यस्तो दोष लगाएको कुरा प्रचार, प्रसार वा प्रकाशन गरेमा वा कसैको बेइज्जती हुने साधनको रुपमा प्रयोग गरिएको कुनै चिज जानीजानी बिक्री वा बितरण गरेमा वेइज्जती गरेको मानीने*** कानुनी व्यवस्था रहेको छ । उल्लेखित कानुनी व्यवस्था बमोजिमको विपक्षीले आम संचारको माध्यमबाट मलाई गाली वेइज्जती गरेको प्रष्टछ ।

९. अतः माथि उल्लेखित सत्य तथ्य प्रमाण, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा कानुनी आधारमा मैले देश र जनताको लागी विगत ३० वर्ष देखी गरेको योगदानलाई मुल्याङ्कन गर्दै नेकपा (एमाले) ले मलाई राष्ट्रिय सभाको सदस्य पदमा निर्वाचित गराई देश र जनताको सेवामा निरन्तर रुपमा काम गर्नको लागी दिएको जिम्मेवारीलाई विपक्षीले समग्र महिला प्रति र मेरो आत्म सम्मानमा चोट पुग्ने गरी दिएको अभिव्यक्ति आम संचार माध्यममा प्रकासित भई मेरो इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्न सक्छ भन्ने जानीजानी मेरो व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गरेको र सो कुरा प्रचार, प्रसार र प्रकाशन गरी मेरो बेइज्जती हुने गरी दिएको अभिव्यक्ति मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५(१) कसुर गरेको हुँदा ऐ.को उपदफा (२) तथा ऐ.दफाको ३०६ (क) बमोजिम वेइज्जती गरेको हुँदा ऐ.ऐनको दफा ३०७(१) बमोजिम हदै सम्मको कारवाही गरी पाऊँ । साथै मलाई गालि वेइज्जती गर्ने कार्य विद्युतिय माध्यमबाट गरेको हुँदा थप एक वर्ष कैद र दश हजार जरीवान समेत गरी हदै सम्मको सजाँय गरी पाऊँ ।

१०. मेरो तर्फवाट नियुक्त हुनुहुने कानून व्यवसायीको बहस जिकिरलाई प्रस्तुत मुद्दाको अभिन्न अंग मानी पाउँ ।

११. यो फिराद दर्ता गर्न लाग्ने सम्पूर्ण दस्तुर यसै साथ छ ।

१२. प्रमाण :

क. विपक्षीले दिएको अभिव्यक्तिको भिडियो क्लीपको सिडी तथा समाचारको प्रकासित प्रतिलिपी ।

ख. नागरिकता प्रमाण पत्रको प्रतिलिपी

१३. साक्षीहरु :

क. जिल्ला पाल्पा मदनपोखरा-६ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १३ बस्ने वर्ष ....हुमा पाण्डे.........................१,

ख. दाङ्ग जिल्ला साविक हापुर गा.वि.स. वडा नं. ९ हाल कायम भएको घेराई उपमहानगर पालिका वडा नं. १२ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ३१ बस्ने वर्ष....को देव बहादुर सुनार.......................................................१,

१४. यसमा लेखिएको व्यहोरा ठीक साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>फिराद कर्ता</u>

कोमल वली

इति सम्बत् २०७७ साल फागनु महिना २५ गते रोज ०३ शुभम्.........................।